नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

# आ.व. २०८२/८३ को दोस्रो त्रैमासिक प्रतिवेदन




२०८२।०९।३०

## आ.ब. २०८२/८३ को दोस्रो त्रैमासिक सम्ममा सम्पादन भएका कार्यहरु:

| सि.नं. | सम्पादित कामको विवरण | |
|---|---|---|
| १ | नागरिकताको प्रमाण पत्र वितरण | महिला -२०८९<br>पुरुष- २००९<br>जम्मा -४०९८ |
| २ | नागरिकताको प्रमाण पत्रको प्रतिलिपि | महिला -२५४०<br>पुरुष- २७५४<br>जम्मा -५२९४ |
| ३ | नागरिक एपबाट प्राप्त गुनासोहरु संवोधन<br>अनुसूची अनुसार CIMS मा संशोधन | १०० |
| ५ | अभिलेख डिजिटाइजेसन (नागरिकताको अभिलेख Scan) | ७३० |
| ६ | E-passport (Enrolment) | महिला: २४५९<br>पुरुष: ३४७२<br>नाबालक:२०६<br>जम्मा:६१३७ |
| ७ | राष्ट्रिय परिचय पत्रको विवरण संकलन | महिला-९९८२<br>पुरुष- ८६६५<br>जम्मा-१८६४७ |
| ८ | विपदवाट प्रभावित घरको संख्या | - |
| ९ | विपद् प्रभावितलाई वितरण गरिएको राहत | - |
| १० | संस्था दर्ता ऐन, २०३४ वमोजिम दर्ता भएको संस्थाको संख्या | १४ |
| ११ | नविकरण भएका संस्थाहरुको संख्या | ३२९ |
| १२ | अन्य जिल्लामा दर्ता भएका संस्थाको शाखा कार्यालय स्थापना गर्न स्वीकृती दिएको संख्या | - |
| १३ | संस्थाको विधान संशोधन | ७ |
| १४ | राजश्व संकलन (राहदानी दस्तुर,धरौटी र संस्था दर्ता/नविकरण) | विवरण प्राप्त नभएको (Server Problem) |
| १५ | • मुद्दा दर्ता:<br>• मुद्दा फछ्रौंट संख्या: | अल्या: २३ नया: ३४<br>१४ २६ |
| १६ | सवारी तथा यातायात व्यवस्था ऐन वमोजिम क्रिया खर्च | १६ |



नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) कावासोती

प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | र क्षतिपूर्ति भराउन परेका निवेदनः | |
| १७ | ठाडो उजुरी सख्याः | ३७ (लिखित+मौखिक) |
| १८ | नाबालक परिचय पत्र वितरण | महिलाः १८१<br>पुरुषः १९१<br>जम्माः ३७२ |
| १९ | आदिवासी/जनजाती, दलित, मधेशी र खस आर्य प्रमाणित | २३२ |
| २० | भारतिय सैनिकको नाम, थर, उमेर फरक परेको सिफारिस र प्रमाणित तथा पारिवारिक पेन्सन सिफारिस संख्या | २४७ |
| २१ | भारतिय सैनिक बाहेक अन्यको विवरण फरक परेको व्यहोरा प्रमाणित | २८६ |
| २३ | चालचलन प्रमाणित | - |
| २४ | लागु औषध उपचार तथा पुर्नस्थापना केन्द्रहरुको अनुगमन | २ |
| २५ | सुरक्षा समितिको बैठक | १९ |
| २६ | कसूरजन्य सम्पत्ति व्यवस्थापन जिल्ला स्तरीय समिति | २ |
| २९ | जिल्ला विपद व्यवस्थापन समितिको वैठक संख्या | ३ |
| ३० | राजनीतिक दलसँग समन्वय बैठक | २ |
| ३१ | कार्यालय प्रमुखको बैठक | ६ |
| ३२ | विविध बैठक | १४ |

**१. शान्ति सुरक्षा तथा अपराध नियन्त्रण :**

यो जिल्ला चितवन, पाल्पा, तनहुँ र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) संग जोडिएको छ । अपराधिक दृष्टिकोणले बढी संवेदनशिल नभएतापनि महेन्द्र राजमार्गको करिब ७० कि.मि., कालीगण्डकी करिडोर करिब ७८ कि.मी. र भारतीय सिमा करिब ५.५ कि.मी यसैमा पर्ने हुनाले सडक दुर्घटना, लागु औषध ओसारपसार तथा दर्व्यसनी, प्राकृतिक स्रोत साधनको दोहन, चोरी निकासी पैठारीका विषयमा संवेदनशिल नै देखिन्छ । जिल्लाको शान्ति सुरक्षाको हालको अवस्था सामान्य रहेको छ ।

<u>शान्ति सुरक्षा तथा अपराध नियन्त्रणका सम्बन्धमा भएका कार्यहरु :</u>

प्रशासकीय अधिकृत

- Crime Map सहितको *एकीकृत रणनीतिक सुरक्षा योजना, २०८२* अद्यावधिक गरी कार्यान्वयन भएको ।
- *एकीकृत रणनीतिक सुरक्षा योजनाको क्षेत्रगत कार्ययोजना, २०८२* अद्यावधिक गरी कार्यान्वयन भएको ।
- *दशैं, तिहार, छठ लगायतका चाडपर्व लक्षित संयुक्त सुरक्षा योजना, २०८२* तर्जुमा गरी कार्यान्वयन भएको ।
- मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना-२०८२ स्वीकृत गरी कार्यान्वयनको चरणमा रहेको।
- विपद् व्यवस्थापनका लागि सबै स्थानीय तह समेटिनेगरी तयार गरिएको QRT/IRT परिचालन योजना-२०८२ स्वीकृत गरी कार्यान्वयनको चरणमा रहेको।
- जिल्ला सुरक्षा समितिको बैठक – १९ पटक
- राजमार्ग (सडक) मा हुने अवरोध हटाउन गर्नु पर्ने सुरक्षा कार्वाहीको कार्यविधि, २०७५ बमोजिम *राजमार्ग सुरक्षा कार्ययोजना, २०८२* तयार गरी कार्यान्वयन भएको ।
- सुरक्षा निकायको निरीक्षण - ५ पटक
- शितलहर कार्ययोजना-२०८२ तयार गरी कार्यान्वयन भएको।
- गर्मी तथा आगालागि बाट बच्न कार्ययोजना तयार गरी लागु भएको।
- दैनिक रुपमा जाहेरी पठाउने गरिएको (DRS प्रतिवेदन)।

## २. सुशासन र सेवा प्रवाह

- **२०८२/८३ दोस्रो त्रैमासिक सम्ममा सम्पन्न बैठक :**
  - जिल्ला सुरक्षा समितिको बैठक : १९ पटक
  - जिल्ला विपद व्यवस्थापन समितिको बैठक : ३ पटक
  - कार्यालय प्रमुखको बैठक : ७ पटक
  - सूचना अधिकारीको बैठक : २ पटक
  - कसुरजन्य सम्पत्तिको जिल्लास्तरीय अनुगमन तथा मुल्याङकन समितिको बैठक: २ पटक
  - राजनीतिक दलसंगको समन्वय बैठक -२

प्रशासकीय अधिकृत

- राजस्व चुवावट नियन्त्रण समितिको बैठक -२
- स्टाफ बैठक - ६

- सेवा प्रवाह सरल र सहज बनाउनको लागि यस कार्यालयको वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको ।
  - यस कार्यालयका अधिकृत कर्मचारीहरुसंग कार्यसम्पादन सम्झौता गरी कार्य गर्ने गरिएको ।
  - मासिक रुपमा कार्यालय प्रमुखको नियमित बैठक बस्ने गरेको । सूचना अधिकारीको बैठक प्रत्येक ३/३ महिनामा कम्तिमा एक पटक बस्ने गरेको। स्वतः प्रकाशन (proactive disclosure) समयमा नै प्रकाशित गर्ने गराउने गरिएको । प्रत्येक महिनामा मासिक प्रतिवेदन प्रकाशन गर्ने गरिएको।

- **राजश्व चुहावट अनुगमन तथा नियन्त्रण**

  जिल्लाभित्र राजश्व चुहावट नियन्त्रण गरी आर्थिक अनुशासन कायम गर्ने तथा अर्थतन्त्रमा सकारात्मक योगदान दिने उद्देश्य सहित राजश्व चुहावट अनुगमन तथा नियन्त्रण समितिको बैठक बस्ने तथा समय समयमा सीमा नाकामा एकल तथा तथा संयुक्त अनुगमन हुने गरेको।

- **सरकारी कार्यालय निरीक्षण : ६ पटक**

- **संघ सस्था अनुगमन र मन्त्रालय प्रतिवेदन :-** संस्था दर्ता ऐन, २०३४ बमोजिम यस कार्यालयमा दर्ता भएका १२ वटा संघ सस्थाको अनुगमन भएको ।

- **बजार अनुगमन : ६ पटक**

## ३. लागु औषध नियन्त्रण

- विद्यालय, क्याम्पस, युवा क्लवमा युवा लक्षित सचेतना कार्यक्रम सञ्चालन गरिएको ।
- लागु औषध पुनर्स्थापना केन्द्रको अनुगमन : २ पटक
- लागू औषधको कारोबार, उपयोग तथा ओसारपसार नियन्त्रणको लागि निरीक्षण तथा अनुगमन नियमित रुपमा गर्ने गरेको ।
- लागु औषध नियन्त्रणका लागि सुरक्षा निकाय र सरोकारवाला निकायसँग समन्वय बैठक वस्ने गरेको।

प्रशासकीय अधिकृत

४. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन :

- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना,२०८२, मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२ र शितलहर कार्ययोजना-२०८२ तर्जुमा गरी कार्यान्वयनमा रहेको ।
- गर्मि तथा आगालागिको जोखिमबाट बच्न कार्ययोजना बनाइ लागु गरिएको।
- जिल्ला विपद व्यवस्थापन समितिको बैठक -३ पटक
- स्थानीय तह, सुरक्षा निकाय तथा सरोकारवाला निकायको समन्वयमा विपद् खोजी तथा उद्धारका कार्यहरु गर्ने गरिएको ।

५.<u>विपद्को समयमा उद्धार र राहत वितरण :</u>

- चालु आ.वको दोस्रो त्रैमासिकमा यस जिल्लामा विपद्जन्य ठुला घटना नभएको र राहत वितरण पनि नभएको।
- नियमित रुपमा जिल्ला विपद् ब्यवस्थापन समितिको बैठक बसि आवश्यक पूर्व तयारी र प्रतिकार्यका लागि योजनाहरु बनाइ तयारी अवस्थामा रहेको।
- सबै स्थानीय तह, सबै सुरक्षा निकाय र अन्य सरोकारवालाहरु सँग नियमित समन्वय भइरहेको।
- विपद् व्यवस्थापन सम्बन्धमा विभिन्न समयमा आवश्यकता अनुसार सचेतनामुलक कार्यक्रम संञ्चालन गरिएको।
- विपद्को समयमा उद्धार, राहत, सहज़ीकरण लगायतका क्रियाकलापको ब्यवहारिक अभ्यास सञ्चालन भएको।
- जिल्लामा हुने विपद्जन्य घटनाको समयमा आवश्यकता अनुसार स्वयंसेवी संस्थाहरु तथा स्वयंसेवकहरु परिचालनको लागि आव्हान गरी विपद्को समयमा त्यस्ता स्वयंसेवी संस्था तथा व्यक्तिहरु परिचालन गर्ने गरिएको।
- दुर्घटना न्यूनीकरणका लागि सुरक्षा निकाय र स्थानीय तहको समन्वयमा विभिन्न स्थानमा cctv राख्न पहल गर्नुका साथै सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिएको।

(आनन्द शर्मा भुसाल)
प्रशासकीय अधिकृत